# ........................सिंचाई जल उपभोक्ता संस्था,
# ..............................को
# विधान २०....

**प्रस्तावना**

संघिय नेपालको कोशी प्रदेश मोरङ जिल्ला................ स्थित ........... खोलाको पानीलाई सस्थागत रुपमा उपयोग गरेर.................. स्थित खेती योग्य जग्गाको कृषि उत्पादनमा वृद्धि गरी देशको विकासमा टेवा पुऱ्याउन सक्ने उद्देश्यले उक्त श्रोतबाट ........... सिंचाई योजना निर्माण गरी आपसी सहयोगद्धारा संचालनमा ल्याउन यस क्षेत्रका उपभोक्ताहरुको आम भेलाद्धारा यो विधान तयार गरिएको छ । यसमा उपभोक्ता संस्थालाई सबल र सक्रिय बनाउनु पर्ने कुरालाई उच्च प्राथमिकता प्रदान गरी आवश्यकता अनुसार उप-नियमहरु पनि तयार गरिने छन् ।

## परिच्छेद-१
## पारम्भिक

**१.१ सक्षिप्त नाम र प्रारम्भः**

(क) यस विधानलाइ................ सिंचाई जल उपभोक्ता संस्था,............... .को विधान २०.. भनिनेछ ।

(ख) यस जल उपभोक्ता संस्था कोशी प्रदेश सिंचाई ऐन, २०७५ तथा ऐ सिंचाई नियमावली २०८१ को नियम (२७) को उपनियम ३ अनुरुप दर्ता भइसकेपछि यो विधान लागू हुनेछ ।

**१.२. परिभाषाः**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधान अन्तर्गत;

(क)'उपभोक्ता संस्था' भन्नाले .......... **सिंचाई** जल उपभोक्ता संस्था .......... लाई जनाउनेछ ।

(ख)'विधान' भन्नाले .......... **सिंचाई** जल उपभोक्ता संस्था,.......... विधान २०... लाई जनाउनेछ ।

(ग)' सिंचित क्षेत्रफल' भन्नाले............... को पूर्व................ को पश्चिम,............... को उत्तर,............... को दक्षिण यति चार किल्ला भित्र रहेको जम्मा ...... हेक्टर क्षेत्रफललाई जनाउँदछ ।

( घ ) 'मूल समिति' भन्नाले यस विधानको परिच्छद-४ को नियम ४.३ (क) मा उल्लेखित प्रक्रिया अनुसार गठन भएको समितिलाई जनाउनेछ ।

(ङ )'साधारण सभा' भन्नाले यस विधानको परिच्छेद ४ को नियम ४.२ (क) मा उल्लेखित प्रक्रिया अनुसारका उपभोक्ताको सभालाई जनाउनेछ ।

(छ) 'अध्यक्ष' भन्नाले सम्बन्धित जल उपभोक्ता समितिको अध्यक्षलाई जनाउनेछ ।

(ज) 'उपाध्यक्ष' भन्नाले सम्बन्धित जल उपभोक्ता समितिको उपाध्यक्षलाई जनाउनेछ ।

(झ) 'सचिव' भन्नाले सम्बन्धित जल उपभोक्ता समितिको सचिवलाई जनाउनेछ ।

(ञ) 'कोषाध्यक्ष' भन्नाले सम्बन्धित जल उपाभोक्ता समितिको कोषाध्यक्षलाई जनाउनेछ ।

(ट) 'सदस्य' भन्नाले सम्बन्धित जल उपभोक्ता समितिको सदस्यलाई जनाउनेछ ।

(ठ) 'कार्यकारिणी सदस्य' भन्नाले सम्बन्धित जल उपभोक्ता समितिको सदस्य वा पदाधिकारीलाई जनाउनेछ।

(ड) 'पदाधिकारी' भन्नाले सम्बन्धित जल उपभोक्ता समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्य वा कुनै सदस्य वा कार्यकारीणी सदस्य जसलाई समितिको तर्फबाट कार्य गर्न कुनै दर्जा वा जिम्मेवारी दिइएको व्यक्तिलाई जनाउनेछ ।

(ढ) 'जल उपभोक्ता सदस्य' भन्नाले परिच्छद– ३ को (क), (ख), (ग), (घ), (a ), (च) र (छ) मा उल्लेखित योग्यता भएको व्यक्तिलाई जनाउनेछ ।

**१.३ संस्थाको छापः**

संस्थाको दैनिक कार्यहरुलाई वैधानिकता प्रदान गर्न संस्थाको आफ्नो कार्यालय छाप रहने छ । यो छापको आकार २.५ साढे दुइ से.मी. देखि ४ से.मी. सम्म परिधीको गोलाकार हुनेछ । यो छापमा .......... **सिंचाई** जल उपभोक्ता संस्था ............. विचमा स्थाः २०.... भन्ने उल्लेख हुनेछ ।

**१.४.संस्थाको कार्यालयः**

संस्थाको कार्यालय मोरङ जिल्ला .......... क्षेत्रमा रहने छ ।

**परिच्छेद–२**
**उद्देश्य**

प्रस्तावनामा उल्लेख भएका लक्ष्यहरुलाई मार्ग निर्देशनका रुपमा लिइ **सतह** सिंचाइ प्रणालीमा सिंचाइ सेवाको विकास र व्यवस्थापन गर्दै कृषि उत्पादनमा वृद्धि गर्नु यस संस्थाको मुख्य उद्देश्य रहेको छ ।

**२.१ संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि देहाय अनुसारका कार्य गर्नेछ ।**

(क) सिंचाई प्रणाली जसमा बांध, कुलो, नहर र सिंचाई क्षेत्रका लागी आवश्यक पानी वितरण प्रणालीहरुको मर्मत-संभार र व्यवस्थापन गर्नु ।

(ख) सिंचाई प्रणालीको निर्माण-सुधार कार्य गर्न आवश्यक आन्तरिक तथा वाह्य श्रोत परिचालन गर्नु, र आवश्यक परेमा जलउपभोक्ता समितिलाई वित्तियसंस्था वा बैंकहरुबाट ऋण लिनमा समेत सघाउनु

(ग) सदस्य जलउपभोक्ताहरुलाई प्रभावकारी र समानुपातिक ढंगले पानी वितरण गर्नु ।

(घ) सिंचाई प्रणालीको संचालन, मर्मत र व्यवस्थापनको लागी आवश्यक आन्तरिक तथा वाह्य श्रोत जुटाउनका साथै जल उपभोक्ताहरुको प्रयासलाई एकिकृत रुपमा परिचालन गरी सम्बन्धित निकायहरुसंग आवश्यक समन्वय कायम राख्नु ।

(ङ) सिंचाई प्रणालीको संचालन, मर्मत-संम्भार र व्यवस्थापनमा सिंचाई कार्यालयसंग साझेदार हुनु तथा व्यवस्थापनको पूर्ण जिम्मेवारी लिनु ।

(च) खेती प्रणालीमा सुधार ल्याई उपभोक्ताहरुको जीवनस्तर उकास्न जल उपभोक्ता कार्य समितिको कार्यदक्षतामा सुधार ल्याउन आवश्यक उपसमितिहरुको गठन र परिचालन गर्नुः जस्तैः मलखाद तथा विउ-विजन व्यवस्थापन उप-समिति, खेती प्रणाली सुधार उप-समिति, बजार व्यवस्थापन उप-समिति, नहर प्रणाली रेखदेख तथा मर्मत-सम्भार उपसमिति, पानी वितरण र शुल्क असुली उप-समिति आदि ।

(छ) संस्थाको विश्वसनियता बृद्धि गर्न, संस्थामा सुशासन कायम गर्न र भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउन विभिन्न आवधिक योजनाहरू बनाउनु र स्थानिय आम कृषकहरूलाई परिचालन गर्दै उक्त योजनाहरूको कार्यान्वयन गर्नु गराउनु ।

(ज) यस नहर प्रणालीको प्रभाव क्षेत्र अन्तर्गत रहेका कृषक समूह र कृषक सहकारी संस्थाहरूलाई समन्वयात्मक रूपमा आम कृषकहरूको हक हित संरक्षण गर्न परिचालन गर्नु गराउनु ।

(झ) वातावरण संरक्षणको लागि आवश्यक गतिविधिहरु संचालन गर्नु ।

(ञ) नहर प्रणालीको संचालनको लागि आवश्यक हुन आउने अन्य कामहरु ।

**परिच्छेद–३**
**सदस्यता**

## ३.१ संस्थाको सदस्यता प्राप्त गर्नका लागि आवश्यक योग्यता :

(क) सिंचित क्षेत्र भित्र जग्गा हुने जग्गाधनी वा मोही वा उनीहरुको अख्तियार प्राप्त जोताहा किसानलाई संस्थाको सदस्यता स्वतः प्रदान गर्न सकिनेछ ।

(ख) यसरी सदस्यता लिनका लागि १८ वर्ष भन्दा बढी उमेरको हुनुपर्नेछ । यदि जग्गा धनी वा जोताहा किसान १८ बर्ष भन्दा कम उमेरको भए त्यस्ता व्यक्तिहरुको अधिकार संरक्षणको दायित्वसंस्था स्वयंले लिनु पर्नेछ ।

(ग) मोही नलागेको जग्गाको धनीले स्वयं खेती नगरी अधिया वा अन्य मोही नलाग्ने प्रथा अनुसार अरुलाई जग्गा जोत्न दिएको रजग्गा धनीले स्वय अन्तै वसोवास गर्ने भएमा खेती गर्ने व्यक्तिलाई अस्थाई सदस्यता दिन सकिनेछ ।

(घ) प्रति जग्गा खनजोत गरी प्रचलित नियमानुसार सम्बन्धित निकायमा जग्गाको क्षेत्रफल प्रमाणित गराई सिंचाइ सेवा उपभोग गर्न चाहने कृषकहरुले अस्थायी सदस्यता लिन सक्नेछन् ।

(ङ) एकै परिवारका भाई छोराहरु आ-आफ्नो मानो छुट्याई छट्टा छुट्टै घर बनाई बसिआएको प्रमाणित भएमा उक्त व्यक्तिको नाममा जग्गाधनी प्रमाण पूर्जा नभएता पनि उनीहरुले संस्थाको सदस्यता लिन सक्नेछन ।

(च) दफा ३.१ को (ङ) मा जे कुरा उल्लेख भएतापनि जग्गाधनी प्रमाण पूर्जा एक भन्दा बढी जनाको नाममा रही सगोलमा बसी आएमा एक जना जग्गा धनीले (घरमुली) मात्र सदस्यता लिन सक्नेछ । एकाघरका सबै जग्गा धनीलाई सदस्यता लिनु जरूरी हुने छैन ।

(छ) सदस्यता प्रमाण पत्र प्रदान गर्दा परिवार भित्र पुरूष वा महिला जसका नाममा जग्गाधनी प्रमाण पूर्जा भएता पनि **'सदस्यता प्रमाण पत्र'**मा श्रीमान र श्रीमति दुवैको नाम राख्नु पर्ने छ ।

## ३.२ सदस्यता शुल्क

(क) जल उपभोक्तासंस्थाले निर्धारण गरे बमोजिम सदस्यहरूसंग सदस्यता र सदस्यता नविकरण शुल्क उठाउन सकिनेछ ।

## ३.३ सदस्यता खारेजी वा निलम्बन

(क) जग्गा धनीले जग्गा बेचेमा वा मोहीयानी हक बेचेमा वा हस्तान्तरण भएमा त्यस्तो सदस्यको सदस्यता स्वतः खारेज हुनेछ ।

(ख) जल उपभोक्ता संस्थाका नियमहरु उल्लंघन गरेको वा तिर्नुपर्ने दस्तुरहरु नतिरेको खण्डमा जल उपभोक्ता मूल समितिले निर्णय गरि सदस्यता निलम्बन गर्न सक्ने छ । कुनै निलम्बित सदस्यले सबै शुल्क तिरेर नियम पालन गरेमा नीजलाई पुनः सदस्यता प्रदान गर्न सकिनेछ ।

(ग) संस्था वाट जारी सदस्यता पत्र नविकरण नगरेमा ।

(घ) संस्थाको सम्पत्ती हिनामिना गरेको प्रमाणीत भई आएमा जल उपभोक्ता मूल समितिले निर्णय गरि सदस्यताबाट निष्काशन वा निलम्वन गर्न सकिनेछ ।

(ङ) संस्थाको नियम र परम्परा अनुसार तोकिएको श्रमदान नगरेमा जल उपभोक्ता मूल समितिले निर्णय गरि निष्काशन वा निलम्वन गर्न सकिनेछ ।

(च) स्वच्छाले सदस्यता त्याग गरेमा ।

**परिच्छेद – ४**
**साधारण सभा तथा कार्य समिति गठन सम्वन्धि व्यवस्था**

## ४.१ संस्थाको संस्थागत संरचना

.......... **सिंचाई जल उपभोक्ता संस्थाको संरचना**

| |
|---|
| .......... **सिंचाई** सिंचाइ प्रणाली<br>*(९-११ सदसिय मूल कार्य समिती)* |

## ४.२. साधारण सभा सम्वन्धि व्यवस्थाः

(क) .......... **सिंचाई** प्रणालीबाट पानी उपभोग गर्ने सम्पूर्ण उपभोक्ताहरुको सभालाई साधारण सभा भनिने छ। तर संस्थाको सदस्यता नलिएको उपभोक्ता साधारण सभाको सदस्य हुने छैन ।

## ४.३. कार्य समिति गठन सम्वन्धि व्यवस्थाः

(क) जल उपभोक्ता मूल समिति गठनः विधानको परिच्छेद ४ को नियम ४.२ (क) अनुसारका साधारण सभाका सदस्यहरु मध्येबाट सिंचाई प्रणालीको सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी जल उपभोक्ता मूल समिति गठन गरिनेछ ।

**यसरी गठन गरिने समितिमा देहाय वमोजिमका पदाधिकारी र सदस्यहरु रहनेछन ।**

| | |
|---|---|
| अध्यक्षः | १ जना |
| उपाध्यक्षः | १ जना |
| सचिवः | १ जना |
| सहसचिव | १ जना |
| कोषाध्यक्षः | १ जना |
| सदस्यः | ६ जना |

समिति चयन गर्दा दलित,जनजाति, वर्ग तथा वाध, मध्य र पुछार समेतको सन्तुलित प्रतिनिधित्व हुनेगरि कार्यकारी सदस्यहरु मनोनित गर्ने छ ।

(ख) कार्यकारिणी समितिको सदस्यहरूमा कम्तिमा ३३ प्रतिशत महिला हुन का साथै कोषाध्यक्ष पदमा एकजना महिला अनिवार्य हुनुपर्नेछ ।

(ग) निवर्तमान अध्यक्ष भएमा निजलाई नव गठित कार्य समितिमा वरिष्ट सल्लाहकारका रूपमा आमन्त्रित गरिनेछ ।

**परिच्छेद-५**
**संस्थाको काम कर्तव्य र अधिकार**

## ५.१ साधारण सभाको काम कर्तव्य र अधिकारः

(क) सिंचाई प्रणालीको निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापनको लागि आवश्यक नियम, उपनियमहरु बनाउने र जारी गर्ने ।

(ख) साधारण सभाका सदस्यहरु मध्येबाट जल उपभोक्ता मूल समितिको लागि अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष चयन गर्ने ।

(ग) कुनै कारणले समय अवधि अगाडी नै संस्थामा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष पद रिक्त भएमा विशेष साधारणसभावाट उक्त पदहरुको पद पूर्ति गर्ने ।

(घ) जल उपभोक्ता संस्थाको लेखा परीक्षण प्रतिवेदनको अनुमोदन गर्ने ।

(ङ) जल उपभोक्ता संस्थाको बार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

(च) जल उपभोक्ता मूल समितिले पेश गरेको सिंचाइ सेवा शूल्क, सदस्यता शूल्क, सदस्यता नविकरण शुल्क आदि अनुमोदन गर्ने तथा बार्षिक बजेटलाई स्वीकृत प्रदान गर्ने ।

(छ) जल उपभोक्ता मूल समितिले पेश गरेको बार्षिक बजेटलाई स्वीकृत प्रदान गर्ने ।

(ज) संस्थाको वार्षिक लेखा परिक्षणका लागि सरकारी मान्यता प्राप्त लेखा परिक्षकको नियुक्तिका लागि जल उपभोक्ता मूल समितिलाई सिफारीस गर्ने ।

## ५.२ समितिको काम कर्तव्य र अधिकार

(क) संस्थाको बार्षिक कार्यक्रम र आर्थिक विवरणहरु तयार पारी साधारण सभामा पेश गर्ने ।

(ख) साधारण सभाबाट पारित निर्णयहरुलाई कार्यान्वयन गर्ने गराउने ।

(ग) उपयुक्त योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि संस्थाको आर्थिक श्रोतबाट आवश्यक बजेटको व्यवस्था मिलाउने ।

(घ) संस्थाको नाउँबाट हुने अन्य सम्पूर्ण कार्यहरु सम्पादन गर्ने ।

(ङ) संस्थाको कार्य सम्पादन गर्न समितिका सदस्यहरुलाई अधिकार प्रत्यायोजन गर्ने ।

(च) समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र उप सचिव वाहेकको पद रिक्त भएमा रिक्त पदहरुको परिपुर्ति गर्ने ।

(छ) संस्थाको वार्षिक लेखा परिक्षणको लागि साधारण सभाको सिफारीस अनुसार मान्यता प्राप्त लेखा परिक्षकको नियुक्ति गर्ने ।

(ज) संस्था आवधिक योजना र बजेट कार्यकम बनाउने र त्यसको कार्यान्वयन गर्ने-गराउने ।

(झ) संस्थाको दैनिक प्रशासनिक कार्यहरु गर्ने-गराउने ।

(ञ) साधारणसभा र मुल समितिले गरेका निर्णय निर्दशनहरुको कार्यान्वयन गर्ने-गराउने ।

(ट) मनोनित गर्ने सदस्यहरुलाई तोके अनुसारको क्षेत्रवाट मनोनित गरी जल उपभोक्ता मूल समितिलाई पूर्णता :गर्ने ।

**परिच्छेद–६**

**जल उपभोक्ता समिति पदाधिकारी तथा कार्यकारिणि सदस्यहरुको काम, कर्तव्य र अधिकार**

## ६.१ अध्यक्ष्ँको काम कर्तव्य र अधिकार

(क) साधारण सभा र समितिको बैठकको अध्यक्षता गर्ने ।

(ख) समितिको बैठकको मिति, समय, ठाउँ र बिषय किटान गर्ने ।

(ग) समितिको बैठकमा कुनै बिषयमा मत विभाजन भई पक्ष विपक्षमा बराबर मत हुन गएमा निर्णायक मतको प्रयोग गर्ने ।

(घ) संस्थाको प्रतिनिधित्व गर्ने वा प्रतिनिधित्व गर्ने पदाधिकारी वा कार्यकारीणी सदस्यको चयन गर्ने ।

(ङ) समितिको आकस्मिक बैठक आवश्यक परेको समयमा बोलाउने ।

(च) कार्यकारिणी समितिका सदस्यहरुलाई क्रियाशिल बनाउन, उनीहरुको विचमा समन्वय स्थापना गर्ने तथा सेवा प्रदायक अन्य निकायका कार्यक्रमहरु संग आवश्यक समन्वय गराउने ।

(छ) संस्थाका गतिविधिहरुलाई आधुनिकखेती प्रणाली तथा व्यावसायिक कृषि पद्धतिको अनुशरण गर्न आम किसानहरु वीच उत्प्रेरणा जगाउने ।

## ६.२ उपाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) अध्यक्षको दैनिक कार्य सम्पादनमा सघाउने ।

(ख) अध्यक्षको अनुपस्थितीमा उनको सम्पूर्ण अधिकार प्रयोग गरी कार्य सम्पादन गर्ने गराउने ।

## ६.३ सचिवको काम, कर्तव्य र अधिकार :

(क) जल उपभोक्ता समितिको निर्णय अनुसार साधारण सभा बोलाउने ।

(ख) अध्यक्षको आदेश अनुसार समितिको बैठक बोलाउने ।

(ग) समितिको बैठकमा भएका निर्णयहरु र माइन्यूट गर्ने र सोको अभिलेख अध्यावधिक राख्ने ।

(घ) साधारण सभा समक्ष संस्थाको बार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने ।

(ङ) समितिको बैठकमा लिइएका निर्णयहरुलाई प्रमाणीत गर्न उपस्थित सदस्यहरुको दस्तखत संकलन गर्ने

(च) संस्थाको विधान, निति र निर्णयहरु अनुरुप आवश्यकता वमोजिम समितिको तर्फबाट पत्राचार गर्ने

(छ) अध्यक्षद्वारा निर्देशित अन्य कार्यहरु सम्पादन गर्ने ।

## ६.४ कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

(क) संस्थाको नगद तथा जिन्सी जिम्मेवारी लिने र त्यसको अद्यावधिक अभिलेख राख्ने ।

(ख) संस्थाको बार्षिक बजेट तयार गरी समितिमा पेश गर्ने ।

(ग) संस्थाका आय व्ययको हर हिसाब राख्ने ।

(घ) संस्थाको तोकेको शुल्क, जरिवाना, चन्दा, र अन्य शुल्कहरु उठाउने ।

(ङ) संस्थाको आर्थिक कारोबारमा निगरानी र नियन्त्रण गर्नुकासाथै पारदर्शिता कायम गर्ने ।

## ६.५ कार्याकारीणी सदस्यको काम, कर्तव्य र अधिकार :

(क) समितिको वैठकमा सहभागि हुने र आवश्यक सल्लाह सुझाव दिने ।

(ख) समितिले तोकी दिएको जिम्मेवारी अनुसारको कार्य सम्पादन गर्ने ।

(ग) संस्थाको हित तथा विकासको लागि आवश्यक सहयोग जुटाउने

# परिच्छेद–७
# कार्य संचालन विधि

## ७.१ निर्वाचन प्रक्रिया

(क) संस्थाको समितिमा उम्मेदवारी दिदा १ जना समर्थक र १ जना प्रस्तावक चाहिनेछन् । यसरी प्रस्तापक समर्थक बन्ने ब्यक्ति सम्वन्धित साधारण सभाको सदस्य हुनुपर्नेछ ।

(ख) संस्थाका सबै तहका पदाधिकारीहरु तथा कार्यकारी सदस्यहरु सर्व सम्मतिबाट छनौट हुनेछन् । सो हुन नसके गोप्य मतदान द्वारा छनौट हुनेछन् ।

(ग) कार्यकारिणी समितिका पदाधिकारीहरुको पदावधि सकिनु पूर्व केन्द्रिय समितिको बैठकले ३ सदस्यीय निर्वाचन समिति गठन गर्नेछ । उक्त निर्वाचन समितिले मूल समितिको निर्वाचन विधान अनुसार सम्पन्न गर्नेछ ।

(घ) नियम (ग) बमोजिम गठित निर्वाचन समितिले कार्यकारिणी समितिको पदावधि सकिनु भन्दा दुइ महिना अगावै निर्वाचनको तयारी सुरुगरि पदावधि सकिनु अगावै निर्वाचन सम्पन्न गराउनु पर्नेछ । उक्त अवधिमा निर्वाचन गराउन नसकिने कुनै जटिलता वा विषेश कारण देखा परेमा जल उपभोक्ता समितिले साधारण सभा बोलाई उक्त साधारण सभाको निर्णय अनुसार बढीमा ६ महिनाका लागि म्याद थप गर्न सक्नेछ

(ङ) नव निर्वाचित समिति गठन नहुन्जेल पुराना समितिले जल उपभोक्ता संस्थाको विधान अनुसार काम गर्नुपर्नेछ । निर्वाचन प्रकृयाका सम्बन्धमा यस विधानमा प्रस्ट नभएका कुराहरु मूल समितिले निर्याय गरि साधारण सभावाट अनुमोदन गराइ लागु गर्नु पर्ने छ ।

(च) निर्वाचन परिमाण घोषणा भएको ३० दिन भित्र निवर्तमान कार्यकारिणी समितिले नव निर्वाचित कार्यकारि समिति लाई बर - बुझारथ गराउनु पर्नेछ ।

(छ) निर्वाचन समितिका सदस्यहरू कुनै पनि पदमा उम्मेदवारी दिन पाउने छैनन ।

(ज) निर्वाचन समितिले निर्णय गरे अनुसार उम्मेदवारीको दस्तुर शुल्क लाग्नेछ ।

(झ) निर्वाचन समितिले परिच्छेद ४ नियम ४.२ (क) तथा ४.३ (क) मा व्यवस्था भए अनुसार का पदाधिकारी तथा सदस्यहरुको चयन गर्नु पर्नेछ ।

(ञ) निर्वाचन परिणाम घोषणा पश्चात निर्वाचन समिति स्वत: विघटन हुनेछ ।

(ट) सवै स्तरको उपभोक्ता संस्थाको कार्य समितिको पदाधिकारी र सदस्यको योग्यता निम्नानुसार हुनु पर्नेछ
।१.सम्वन्धित प्रणालीको उपभोक्ता सदस्य हुनुपर्नेछ ।

२.नियमित सिंचाइ सेवा शुल्क चुक्ता गरेको हुनु पर्नेछ ।

३.२१ वर्ष पुरा गरेको हुनुपर्नेछ ।

४.कुनै पनि सरकारी पदमा वहाल नभएको तथा लाभको पद धारण नगरेको हुनुपर्नेछ ।

५.निर्माण व्यवशायी नभएको हुनुपर्नेछ ।

६.कुनै पनि नैतिक पतन देखिने फौजदारी मुद्धाको अभियोगमा दोसी प्रमाणि नभएको ।

७. मगज नविग्रिएको ।

## ७.२ सदस्यहरुको पदावधि

(क) जल उपभोक्ता मूल समितिका पदाधिकारीहरुको पदावधि सामान्यतय ४(चार) वर्षको हुनेछ ।

(ख) नियम (क) मा जे लेखिएता पनि तोकिएको प्रकियावाट सदस्य तथा पदाधिकारी नआएसम्म साबिकका सदस्य र पदाधिकारीहरु कायम रहनेछन ।

## ७.३ सदस्यको योग्यता

(क) जल उपभोक्ता मूल समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष तथा कार्यकारी सदस्यका लाीग परिच्छेद ४ को नियम ४.२ (क) अनुसार गठन हुने साधारण सभामा प्रतिनिधित्व गर्ने व्यक्ति मात्र योग्य मानिनेछन ।

## ७.४ गणपुरक संख्या तथा बैठक :

(क) समितिको वैठक एक महिनामा १ पटक वस्नेछ ।

ख) समितिको अध्यक्षले आवश्यक ठानेमा आकस्मिक बैठक बोलाउन सक्नेछन ।समितिका सदस्यहरु मध्ये २५ प्रतिशतले कारण सहित समितिको अध्यक्षलाई वैठकको लागि लिखित अनुरोध गरेमा समितिको बैठक बोलाउनु पर्नेछ ।

ग) अध्यक्षको सल्लाह र निर्देशनमासमितिको सचिवले वैठक बोलाउने छ ।

घ) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछन । अध्यक्षको अनुपस्थितीमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुले चयन गरेको सदस्यले अध्यक्षता ग्रहण गर्नेछ ।

ङ) सबै पदाधिकारी सदस्यहरुलाई कम्तीमा ३ दिन अगाडी नै बैठक बारे जानकारी दिनु पर्नेछ । तर आकस्मिक रुपमा बैठक बस्नु परेमा यो प्राबधान आकृष्ट हुनेछैन ।

च) समितिको गणपूरक संख्या ५१ प्रतिशत हुनेछ ।

छ) न्यूनतम गणपुरक संख्या नपुगी बैठक स्थगित भएमा दोस्रो पटक बैठकको लागि सूचना जारी गर्न सक्नेछ ।

ज) दोस्रो पटक बोलाइएको समितिको बैठकमा एक तिहाई सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या मानिनेछ ।

झ) बैठकमा साधारण बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

ञ) बैठक सम्बन्धि अन्य कार्यविधिहरु सम्वन्धित समितिले निर्धारण गर्नेछ ।

## ७.५ साधारण सभा

(क) परिच्छेद ४ को नियम ४.२ (क) अनुसार व्यवस्था भएको साधारण सभा एक बर्षमा कम्तिमा दूइ पटक बोलाइनेछ । आवश्यक लागेमा वा एक तिहाई साधारण सभा सदस्यहरुबाट साधारण सभा बोलाउन आवश्यक ठानी कारण सहित लिखित अनुरोध गरेमा जुनसुकै वेलामा पनि विशेष सधारण सभा बोलाउन सकिनेछ ।

ग) साधारण सभाको मिति, समय, स्थान र छलफल गरिने बिषयबस्तुहरु संवन्धित जल उपभोक्ता समितिद्वारा तय गरिनेछ ।

घ) साधारण सभाको अध्यक्षता जल उपभोक्ता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितीमा उपाध्यक्ष र निज पनि अनुपस्थित रहेमा समितिले मनोनयन गरेको कुनै एक सदस्यले साधारण सभाको अध्यक्षता ग्रहण गर्नेछ ।

ङ) साधारण सभा बोलाउदा सबै साधारण सभाका प्रतिनिधी सदस्यहरुलाई कम्तीमा एक हप्ताको अग्रीम सूचना दिइनेछ । उक्त सुचनामा साधारण सभा हुने मिति, समय, स्थान र छलफल गरिने बिषयबारे स्पष्ट उल्लेख भएको हुनु पर्नेछ ।

च) साधारण सभामा कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरु उपस्थिती भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

छ) गणपुरक नपुगेको अवस्थामा दोस्रो सूचना दिई तिन दिन पछि पुन साधारण सभा बोलाइने छ । दोस्रो सूचनाद्वारा बोलाइएको साधारण सभामा कूल सदस्य संख्याको ५१ प्रतिशत भन्दा बढी सदस्यहरुले भागलिन आएमा गणपूरक संख्या पुगेको ठहर गरी सभा संचालन गरिनेछ ।

ज) दोश्रो पटक बोलाईएको साधारणसभामा पनि गणपुरक संख्या नपुगेमा एक दिनको सूचना दिई पुनः साधारणसभा बोलाईनेछ जसमा जति संख्यामा सदस्यहरु उपस्थित भएका छन त्यसैलाई गणपुरक संख्या पुगेको मानिनेछ ।

झ) उपस्थित सदस्यहरुको साधारण बहुमतले कुनै निर्णय गरेमा त्यसलाई बैध मानिने छ ।

(ञ) साधारण सभाको अन्य प्रक्रियागत निर्णयहरु साधारण सभा स्वयमले निर्धारण गरी कार्यान्वयन गर्न सक्नेछ ।

## ७.६ सदस्यताबाट राजीनामा र स्वीकृतीको व्यवस्था :

(क) जल उपभोक्ता मूल समितिका सदस्य तथा पदाधिकारीहरुको हकमा मूल समितिको बैठकमा राजीनामा पेश गरी सामान्य बहुमतबाट स्वीकृत गर्न सकिनेछ र सोही वैठकवाट नया पदाधिकारी चयन प्रक्रिया सुरु गराउनु पर्ने छ ।

## ७.७ जल उपभोक्ता मूल समिति तथा शाखा समितिको सदस्यवाट निलम्वन तथा निष्काशन

देहायको अवस्थामा जल उपभोक्ता समिति समितिसदस्यवाट निलम्वन तथा निष्काशन हुन सक्ने छ ।

(क) पदवाट दिएको राजीनामा स्वीकृत भएमा,

(ख) नियम अनुसार अविश्वासको प्रस्ताव पारीत भएमा,

(ग) विना सूचना लगातार जल उपभोक्ता समितिको ३ वैठकमा उपस्थित नभएमा,

(घ) सदस्यता नविकरण नगरेमा,

(ङ) संस्थाको सम्पत्ति हिनामिना गरको प्रमाणित भएमा,

(च) संस्थालाई आँच आउने काम गरेमा,

(छ) मृत्यु भएमा,

(ज) परिच्छेद ३ को नियम ३.३ अनुसार सदस्यता खारिज वा निलम्वन भएमा ।

नियम ७.७ को (ग), (घ), (ङ) र (च) मा उल्लेतिख नियमका आधारमा सदस्यतावाट निलम्वन तथा निष्काशनगर्नु पूर्व सम्वन्धित व्यक्तिलाई सफाईकालागि समय र मौका प्रदान गरिनेछ ।

## ७.८ सिंचाई सेवा शुल्क

(क) सिंचाइ सेवा शुल्कको दर जल उपभोक्ता मूल समितिले निर्धारण गरि साधारण सभावाट अनुमोदन गराएर लागु गर्न सिकनेछ । सेवा शुल्क निर्धारण गर्दा जल उपभोक्ता संगठनको न्यूनतम प्रशासनिक र संचालन खर्च तथा प्रणाली मर्मत-संभार लागत लाई मुख्य आधार मानिने छ ।

(ख) सिंचाइ प्रणालीको जल उपभोक्ता समितिले सिंचाइ सेवा शुल्क उठाउनका लागी विस्तृत वार्षिक कार्य योजना तर्जुमा गरी सोको जानकारी उपभोक्ताहरुलाई दिनुपर्नेछ । साथै सोकार्यान्वयन गर्न आवश्यक रसिद, बिल, भौचर आदिको व्यवस्था गर्नुपर्नेछ ।

(ग) शुल्क उठाउने समय/म्याद आदि निर्धारण गर्दा किसानहरुको अनुकुलता (बाली तथा बेचविखन गर्ने समय) लाई प्राथमिकतामा राखी गर्नु पर्नेछ । यसरी निर्धारण गरिएको समय तालिकावारे संपूर्ण किसानहरुलाई अग्रिम सु-सुचित गर्नु पर्नेछ ।

(ख) आ-आफ्नो क्षेत्रवाट सिंचित हुने जमिनको सिंचाई सेवा शुल्क उठाउने कार्य समिति/संवन्धित उपभोक्ता समितिलाइ पनि दिन सकिनेछ । यसरी संकलन गरिएको सेवा शुल्क तीन दिन भित्र नियम ८.२ मा उल्लोखित कोषमा जम्मा गराई सक्नु पर्नेछ ।

(ग) सिंचाई सेवा शुल्क उपभोक्ताहरूले समितिले निर्धारण गरेको समय भित्र बुझाई सक्नुपर्नेछ । उक्त म्याद भित्र नबुझाएमा बुझाउनु पर्ने रकममा समितिले निर्णय गरे अनुसार विलम्व शुल्क लाग्ने छ ।

## ७.९ क्षमता अभिवृद्धि तथा सामजिक समावेसिकरण

(क) संस्थाले संचालन गर्ने वा संस्थावाट अन्य निकायले आयोजना गरेका तालिम कार्यक्रममा सहभागिहरुको हनौट गर्दा कुल सहभगिहरु मध्ऐ ५०% भन्दा वढी महिला, दलित, जनजाति तथा सिमांकृत समूदायलाई प्रतिनिधित्व गर्ने सदस्य पदाधिकारीहरवाट छनौट गरिने छ ।

(ख) जल उपभोक्ता संस्थाको सहकार्यमा सिंचित क्षेत्रमा संचालन गरने कृषि कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दा महिला, दलित, जनजाति तथा अन्य विपन्न समूदाय लाई लक्षित गरि संचालन गर्न आवश्यक समन्वयात्मक भुमिका निर्वाह गरिने छ ।

(ग) मूल तथा अन्य शाखा समितिका साथै साधारण सभामा प्रतिनिधित्व गर्ने महिला तथा दलित, जनजाति समूदाय लाई प्रतिनिधित्व गर्ने सदस्यहरुलाई नेर्तत्व तहमा स्थापित गर्न विशेष तालिम कार्यक्रमका लागि पहल गर्नु पर्ने छ ।

# परिच्छेद – ८
# वित्तीय र श्रोत व्यवस्थापन

## ८.१ आम्दानीका श्रोतहरू

जल उपभोक्ता संस्थाको आम्दानीको निम्न श्रोतहरू हुनेछन् ।

(क) सदस्यता शुल्क

(ख) सिंचाई सेवा शुल्क

(ग) मरमत संभार शुल्क

(घ) सदस्यहरुबाट असुल गरिएको जरिवाना र अन्य शुल्कहरु ।

(ङ) संस्थाले विभिन्न व्यक्ति वा निकायबाट प्राप्त गरेका दान, चन्दा, उपहार, सहयोग, अनुदान आदि (च) संस्थाले विभिन्न वित्तिय श्रोतहरुबाट प्राप्त गर्ने ऋण रकम

(छ) संस्थाले आफ्नो प्रणाली भित्रको काठ, बालुवा, ढुङ्गाको सदुपयोगवाट आउने रकम ।

ज) विलम्व शुल्क

झ) संस्थाको निर्णयबाट परिचालन हुने अन्य शुल्कहरु

## ८.२ संस्थाको कोष

जल उपभोक्ता समितिको एउटा अलग्गै कोष रहनेछ । संस्थाको नाममा प्राप्त हुने सबै आम्दानी यसै कोषमा जम्मा गरिनेछ । संस्थाको कार्यहरुमा लाग्ने सम्पूर्ण खर्च पनि यसै कोषवाट गरिनेछ । संस्थाको कोषको संचालन गर्न सम्बन्धित जल उपभोक्ता समितिको निर्णय बमोजिम बैंक वा वित्तिय संस्थामा अलग्गै खाता खोलिनेछ र उक्त खाताको संचालन सम्बन्धित जल उपभोक्ता समितिको निर्णयले कोषाध्यक्षको अनिवार्य हस्ताक्षर तथा अध्यक्ष वा सचिव मध्ये एक जना भए हुने गरि तीन जनाको संयुक्त नामबाट गरिनेछ ।

## ८.३ लेखा परिक्ष्ँण

(क) सम्बन्धित जल उपभोक्ता समितिले नियुक्ति गरेको नेपाल सरकारबाट मान्यता प्राप्त लेखा परिक्षकबाट संस्थाको आर्थिक कारोबारको बार्षिक लेखापरिक्षण गराइनेछ ।

(ख) साधारण सभालाई लेखा परिक्षण प्रतिवेदनको पुनरावलोकन र अनुमोदनको अधिकार रहनेछ । प्रतिवेदनमा अनियमितता भेट्टिएको खण्डमा साधारण सभाले सम्बन्धित जल उपभोक्ता समितिलाई सच्याउन आदेश जारी गर्न सक्नेछ । संस्थाको हरहिसाब र लेखा परिक्षण प्रतिवेदन सम्बन्धित निकाय समक्ष अनिवार्य रुपमा बार्षिक रुपमा बुझाउनु पर्नेछ ।

(ग) मान्यता प्राप्त लेखा परिक्षकबाट लेखा परिक्षण गराउनु भन्दा अगावै आन्तरिक लेखा परीक्षण गराउनु पर्नेछ ।

**(ग) नविकरण कार्य:**

(क) यस नियमावली वमोजिम दर्ता भएका प्रत्येक उपभोक्ता संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले ९० दिन भित्र मान्यता प्राप्त लेखा परिक्षाकवाट लेखा परिक्षाण गराई सोको प्रतिवेदन र वार्षिक प्रतिवेदन संलग्न गरि सम्वन्धित सिंचाइ कार्यालयमा नविकरणको लागि दरखास्त दिनु पर्नेछ

(ख) कुनै कारणवाट सिचाई नियमावली २०८१ को उपनियम (१) वमोजिमको म्याद भित्र दरखास्त दिन नसकेमा सो समेत खलाइ १०००/-रुपैया विलम्व सुल्क समेत संलग्न गरि थप ६० दिन भित्र नविकरणको लागी दरखास्त दिनु पर्नेछ

(ग) ऐ. नियमावली २०८१ को नियम ३३ को उपनियम (१) र (२) वमोजिम दरखास्त दिन नसकेमा सो समेत खुलाई २००० रुपैया विलम्व शुल्क समेत संलग्न गरि थप ३० दिन भित्र नविकरणको लागि दर्खास्त दिनु पर्नेछ ।

(घ) ऐ. नियमावलीको नियम ३३ को उपनियम (१) (२) र (३) वमोजिमको म्याद भित्र नविकरण नभएका कार्य समिति स्वतः विघटन भएको मानीनेछ ।

(ङ) यस नियम वमोजिम विघटन भएका कार्य समितिको नयाँ निर्वाचन नभएसम्म त्यस्तो सिंचाइ प्रणणीलाई ऐन र नियमावली वमोजिमको कुनै सुविधा उपलब्ध गराईने छैन ।

(च) ऐ. नियमावली २०८१ को नियम ३३ को उपनियम (३) (६) वा (७) वमोजिम कुनै कार्यसमिति विघटन भएकोमा सम्वन्धित सिंचाई डिभिजनले आफ्नो प्रत्यक्ष रेखदेखमा स्थानिय तहको प्रतिनिधिको रोहवरमा उपभोक्ता संस्थाको कम्तिमा दुई तिहाइ साधारण सदस्यहरुको उपस्थितिमा नयाँ कार्य समितिको निर्वाचन गराउनु पर्नेछ ।

(छ) ऐ. नियमावली २०८१ को नियम ३३ को उपनियम (९) वमोजिम नयाँ कार्यसमितिले निर्वाचन भएपछि त्यस्तो उपभोक्ता संस्थाको नविकरण नभएको भए प्रत्येक आ.व.को रु.२०००।-विलम्व शुल्क लिई उक्त संस्था नविकरण गर्न सकिनेछ ।

**परिच्छेद-९**

**विविध**

## ९.१ अविश्वासको प्रश्ताव :

(क) यदि जल उपभोक्ता समतिको कुनै पदाधिकारी वा कार्यकारिणी सदस्य विरुद्ध दिइएको जिम्मेवारी इमान्दारीसंग निभाउन असक्षम भएको दावी गर्दै सम्बन्धित साधारण सभाका एक तिहाई सदस्यहरुले अविश्वासको प्रस्ताव दर्ता गराएमा साधारण सभाका कुल सदस्य मध्ये दुई तिहाइको बहुमतले समर्थन गरेमा उक्त कार्यकारिणी सदस्य पदवाट मुक्त भएको मानिने छ ।

(ख) साधारण सभामा माथि उल्लेखित निर्णय गर्नु अगाडी निजलाई (जसका विरुद्ध अविश्वास पेश भएको छ) आफ्नो विरुद्ध लागेको आरोपको सफाई पेश गर्ने मौका दिइनेछ ।

(ग) अविश्वासको प्रस्ताव साधारण सभाबाट पारित नभएको अवस्थामा भने सोही व्यक्ति विरुद्ध एक बर्ष ननाघ्दै अर्को अविश्वासको प्रस्ताव पुनः दर्ता गराउन पाइने छैन ।

## ९.२ विधान संशोधनको अधिकार :

यस विधानमा उल्लेखित बुदाहरुमा संशोधनको आवश्यकता महशुस भएमा यस प्रणालीको मुल समितिको बैठकले आवश्यकता अनुसारको एउटा विधान संशोधन उप-समिति गठन गर्नेछ । संशोधित विधानलाई परिच्छेद ४ को नियम ४.२ (क) मा उल्लेखित साधारण सभाको सम्पुर्ण सदस्य संख्याको दुई तिहाइ वहुमत वाट पास गर्न सकिने छ ।

## ९.३ नियमावली सम्वन्धमा

सिंचाई प्रणाली वा संस्था प्रभावकारी ढंगले संचालन गर्न जल उपभोक्ता संस्थाले देहाय वमोजिमको नियमावली बनाउन संशोधन गर्न र लागु गर्न सक्नेछ ।

क) आर्थिक नियमावली

ख) प्रशासनिक नियमावली

ग) निर्वाचन नियमावली

घ) सिंचाई सेवा शुल्क परिचालन नियमावली

ङ) सिंचाई प्रणाली संचालन नियमावली

च) सिंचाई प्रणाली निर्माण तथा मरम्मत संभार नियमावली

छ) अन्य आवश्यक पर्ने नियमावलीहरु

## ९.४ विवादको समाधान

(क) पानी वितरण तथा उपभोग सम्बन्धमा कुनै विवाद उत्पन्न भए सम्वन्धित मूल समिमितमा उजुरी गर्न सकिनेछ ।

(ख) विवाद समाधानकालागि स्थानिय  स्तरमा आपसी सहमति कायम गरी गर्ने प्रयास गरिने छ ।

(ख) विवाद समाधान हुन नसकेमा विवाद व्यवस्थापन समितिमा पेश गरिने छ ।

(ग) परिच्छेद ९को नियम ९.४ (क) बमोजिम पेश भइ स्थानिय तवरले समाधान हुन नसकेका विवाद समाधान गर्न मूल समितिले सिंचीत क्षेत्र भित्रका स्थानीय भद्र-भलाद्मी समेत तीन सदस्यीय समाधान समिति गठन गर्नेछ र सो समिति मार्फत विवाद समाधान हुनेछ ।

(घ) विवाद समाधानको प्रकृया स्थानीय प्रचलन र स्थापित मान्यता अनुसार विवाद समाधान समिति आफैले निर्धारण गर्नेछ ।

(ङ) विवाद समाधान समितिको निर्णय दुवै पक्षाई बाध्यात्मक र अन्तिम हुनेछ  तर यस संयन्त्रले गरेको निर्णयका आधारमा देशको न्ययिक तथा प्रशासनिक प्रक्रियावाट समाधान खोज्न सक्ने नागरिकको अधिकार माथि वन्देज लगाइएको ठहरिने छौन ।

## ९.५ अन्य संघ संस्थाहरूसंग सम्वन्ध

सिंचाई प्रणालीलाई व्यवस्थित तरिकाले संचालन गर्न र कृषि उत्पादनमा वृद्धि गरी कृषकहरुको आर्थिक अवस्था दिगो र दरिलो बनाउनको लागि विभिन्न संघ संस्थाहरुसंग सम्पर्क समन्वय गरी आवश्यक कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

## ९.६ सम्झौता गर्ने अधिकार

संस्थाले आवश्यक मात्रामा पानी उपलब्ध गराउन, पानीको निकासा गर्न र सिंचाई सुविधा पुर्‍याई कृषि उत्पादनमा वृद्धि ल्याउन आवश्यक संरचनाहरुको पुनः निर्माण कार्य पूरा गर्न, कुनै व्यक्ति तथा निकाय संग ठेक्का पट्टा वा सम्झौता गर्न सक्नेछ ।

## ९.७ वन्देज

(क) कुनै पनि स्तरको कार्यकारी सदस्य वा पदाधिकारीले सिंचाइ कार्यालयको कामको निर्माण व्यवसायी वा ठेकेदारको हैसियतले काम गर्न पाउने छैनन् । कार्य गरेको पाइएमा स्वतः पद मुक्त हुनेछन् ।

(ख)सिंचाइ सेवा उपभोग गरे वाफत तिर्नुपर्ने सेवा शुल्क नतिरेको भएमा संस्थाको कुनै पनि पदमा बस्न पाउने छैन ।

(ग) यस सिंचाई प्रणाली तथा यस संस्था अर्न्तगत कुनै पनि सदस्य वा पदाधिकारी यसैका तलबी कर्मचारी भई काम गर्न पाउने छैन ।

(घ) यस विधानको कुनै दफा प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।(ङ) मूल वा शाखा नहरमा निर्माण भएका संरचनाहरु विग्रिने गरि रुख, विरुवा वा घास आदि लगाउन तथा नहरका संरचनालाई असर पर्ने कुनै कार्य गर्न पाईने छैन ।

## कार्य समितिका पदाधिकारीहरु तथा सदस्यहरुको नामावली:

| क्र.सं. | पद | नाम थर | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | उपाध्यक्ष | | | |
| ३ | सचिव | | | |
| ४ | सह-सचिव | | | |
| ५ | कोषाध्यक्ष | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |
| ८ | सदस्य | | | |
| ९ | सदस्य | | | |
| १० | सदस्य | | | |
| ११ | सदस्य | | | |

अनुसूची– २

संस्थाको छापको नमुना

संस्थाको छाप गोलाकार हुनेछ यस भित्र ......... **सिंचाई** जल उपभोक्ता संस्था ............... विचमा स्था.२०..... लेखिएको हुनेछ

मितिः-

श्रीमान डिभिजन प्रमुख

जलश्रोत तथा सिंचाइ विकास डिभिजन

मोरङ ।

विषयः- सस्था दर्ता गरि पाउँ ।

सिंचाइ योजनाको सामुहिक उपयोग समेतको लागि उपभोक्ता संस्था दर्ता गर्न आवश्यक परेकोले प्रदेश सिंचाइ नियमावली २०८१ व्मोजिम रु.१००।- दस्तुर तथा उपभोक्ता संस्थाको विधान २ प्रति वडाको सिफारिस समेत यसै साथ संलग्न राखी यो दरखास्त दिइएका छौ ।

१.उपभोक्ता संस्थाको नाम र ठेगानाः- .......... सिंचाइ जल उपभोक्ता संस्था ...........................

२. उपभोक्ता संस्थाको उद्देश्य :- विधान सम्मत संस्था निर्माण तथा संचालन गर्नु रहेकोछ ।

३. उपभोक्ता संस्थाले उपयोग गर्ने खोलाको नाम :- .......... सिंचाइ योजना ।

४. उपभोक्ता संस्थाको पदाधिकारीहरुको नामः-

५. उपभोक्ताहरुको मन्जुरी लिखित :-

६. अन्य आवश्यक कुरा (कुनै भए उल्लेख गर्ने ) माथि उल्लेखित विवरण साचो छ ।

उपभोक्ता संस्थाको तर्फवाट दरखास्त दिने पदाधिकारीकोः-

पुरा नाम,थरः-

पदः- अध्यक्ष

हस्ताक्षरः-

ठेगानाः-........................